सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

काँक्रेबिहार

Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक



❐ वर्ष : २५ ❐ अंक : १३५ ❐ बिहिवार, १४ फागुन, २०८२ ❐ Thursday, 25 Feb. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

चुनाव प्रचारप्रसारमा बालबालिकाको प्रयोग बढेपछि निगरानीमा कडाई

❐ काँक्रेबिहार संवाददाता
सुर्खेत, १३ फागुन

यसअघि जुम्लामा निर्वाचन लक्षित एक राजनीतिक दलको कार्यक्रममा बालबालिका प्रयोग भएको विषय सामाजिक सञ्जालमा व्यापक आलोचना भयो। उक्त आलोचनापछि जुम्लाका अन्य दलहरुले पनि बालबालिका प्रयोगमा सतर्कता अपनाए।

तर सुर्खेतलगायत कर्णालीका अन्य जिल्लामा भने चाहेर वा नचाहेर बालबालिका चुनावी कार्यक्रममा सहभागी गराइएको गुनासो आउन थालेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ नजिकिँदै जाँदा चुनावी प्रचारप्रसारमा बालबालिकाको प्रयोग बढेको भन्दै निर्वाचन आयोगले समेत निगरानीमा कडाई गरेको छ।

आयोगका अनुसार कर्णाली प्रदेशमा मात्रै नभई देशभर केही राजनीतिक दल वा उम्मेदवारले आफ्ना झण्डा वा निर्वाचन चिह्न बोकाउने, सांस्कृतिक कार्यक्रम तथा जुलुसमा सहभागी गराउने र अमुक दल वा उम्मेदवारविरुद्धका गतिविधिमा प्रयोग गर्ने गरेको पाइन्छ। झण्डा वा निर्वाचन चिह्न अङ्कित भेष्ट, टिसर्ट तथा लोगो प्रदर्शन गराउने जस्ता कार्यमा बालबालिका प्रयोग गरेको उजुरी समेहत आयोगमा प्राप्त भएका छन्।

साथै विद्यालय समयमै विद्यालय नजिकै चुनावी कार्यक्रम आयोजना गरी शैक्षिक गतिविधिमा अवरोध पुऱ्याइएको विषयसमेत उठ्न थालेको छ। नेपालको संविधानको धारा ३९ ले प्रत्येक बालबालिकालाई शिक्षा, स्वास्थ्य, पालन-पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक सुनिश्चित गरेको छ।

त्यस्तै बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने, आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा बालमैत्री वातावरणमा उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ। निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ (१) (ट) मा निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न नहुने स्पष्ट व्यवस्था छ। भने आचारसंहिता उल्लंघन गरेमा एक लाख रुपैयाँसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्दसम्मको कारबाही गर्न सकिने प्रावधान रहेको छ।

यसबारे आयोगले स्मरण गराउँदै बालबालिकाको प्रयोग गर्नु संविधान, प्रचलित कानुन तथा निर्वाचन आचारसंहिता विपरीत हुने स्पष्ट पारेको छ। कुनै पनि राजनीतिक गतिविधिमा बालबालिकालाई सहभागी नगराउन सबै राजनीतिक दल, उम्मेदवार र मतदातालाई आयोगको आग्रह छ।

साथै बालबालिकाको अध्ययन-अध्यापनमा असर पर्ने गरी कार्यक्रम नगर्न, बालअधिकारको संरक्षण र संवर्द्धनमा सबै तहका सरकार गम्भीर बन्न आयोगले ध्यानाकर्षण गराएको छ। निर्वाचन आचारसंहिता विपरीतका गतिविधि गरेको पाइएमा प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने आयोगले चेतावनी दिएको छ।



मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशले निर्वाचन आचारसंहिता विपरीत बालबालिका प्रयोग नगर्न राजनीतिक दलको ध्यानाकर्षण गराएको छ।

मानव अधिकार रक्षक सञ्जालको ध्यानाकर्षण

मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशले निर्वाचन आचारसंहिता विपरीत बालबालिका प्रयोग नगर्न राजनीतिक दलको ध्यानाकर्षण गराएको छ। सञ्जालले यसअघि सुर्खेतस्थित विभिन्न राजनीतिक दलका जिल्ला तथा प्रदेशस्तरीय नेतालाई ध्यानाकर्षणपत्र बुझाएको हो। चुनावी प्रचारप्रसार, जुलुस, ऱ्याली, नारा लगाउने तथा पोस्टर टाँस्ने जस्ता गतिविधिमा बालबालिकालाई प्रयोग नगर्न सञ्जालका प्रदेश संयोजक पीताम्बर ढकालले आग्रह गरे। विगतका प्रतिनिधिसभा तथा स्थानीय तह निर्वाचनका क्रममा बालबालिकालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा चुनावी गतिविधिमा प्रयोग गरिएका घटना देखिएकाले यस पटक पनि दोहोरिन सक्ने जोखिमप्रति गम्भीर चासो व्यक्त गरिएको उनले बताए।

'निर्वाचन लोकतन्त्रको महत्वपूर्ण प्रक्रिया हो, तर यसमा बालबालिकालाई प्रयोग गर्नु उनीहरूको अधिकारको उल्लंघन मात्र होइन, शारीरिक, मानसिक र मनोसामाजिक सुरक्षामा समेत खतरा हो' उनले भने, 'संविधान, बालअधिकार ऐन र निर्वाचन आचारसंहिताले समेत यस्तो काम निषेध गरेको हुँदा सबै दललाई जिम्मेवार बन्न सुझाव छ।' सञ्जालले नेपाली कांग्रेस सुर्खेतका सचिव देवकुमार सुवेदी, नेकपा (एमाले) का सचिव डम्बर तिवारी, नेकपा इन्चार्ज केदार कँडेल, राष्ट्रिय स्वतन्त्र पार्टीका क्षेत्र नं २ का संयोजक शिवप्रसाद रेग्मी, राप्रपाका पूर्वकेन्द्रीय सदस्य मनबहादुर बुढा, जनमोर्चाका वीरेन्द्रनगर सभापति हिरालाल नेपाली, उज्यालो पार्टी नेपालका जिल्ला प्रतिनिधि दीपेन्द्र विकलाई सो ध्यानाकर्षणपत्र बुझाएको हो।

साथै बोधार्थका रूपमा जिल्ला प्रशासन कार्यालय सुर्खेत र प्रदेश निर्वाचन कार्यालय कर्णालीलाई समेत जानकारी गराइएको छ। नेपाली कांग्रेस सुर्खेतका सचिव देवकुमार सुवेदीले चुनावमा बालबालिका प्रयोग नगर्ने प्रतिबद्धता जनाउँदै दलभित्र स्पष्ट निर्देशन जारी गरिने बताए। आफूहरू आचारसंहिता पालना गर्न प्रतिबद्ध भएको भन्दै बालबालिकाको सहभागिता निषेध गर्ने विषयमा सङ्गठनलाई सचेत गराइएको उनले जानकारी दिए। नेकपा (एमाले) सुर्खेतका सचिव डम्बर तिवारीले विगतका दिनमा पनि आफ्नो

बाँकी पृष्ठ ४

सरकारले ल्यायो वाणिज्य क्षेत्रको रणनीतिक योजना

❐ काँक्रेबिहार संवाददाता
काठमाडौं, १३ फागुन

नेपाल सन् २०२६ नोभेम्बरदेखि अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने निश्चित भएको छ। नेपाल विकासशील मुलुकमा स्तरोन्नति भएपछि सरकारले त्यसपछिका व्यापारिक चुनौतीहरूलाई सम्बोधन गर्न 'वाणिज्य क्षेत्रको रणनीतिक योजना, २०८१' तर्जुमा गरेको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तयार पारेको यस योजनाले स्तरोन्नति पश्चात् गुम्न सक्ने वैदेशिक व्यापारका सुविधाहरूको क्षति न्यूनीकरण गर्दै मुलुकको निर्यात व्यापारलाई दिगो बनाउने लक्ष्य राखेको छ।

संयुक्त राष्ट्र संघको महासभाले २३ नोभेम्बर २०२१ मा नेपाललाई विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने प्रस्ताव अनुमोदन गरेको थियो। नेपालले स्तरोन्नतिका तीनवटा सूचकांकमध्ये मानव सम्पत्ति सूचकांक र आर्थिक तथा वातावरणीय जोखिम सूचकांकको मापदण्ड पूरा गरिसकेको भए पनि प्रतिव्यक्ति कुल राष्ट्रिय आयको मापदण्ड अझै पूरा हुन सकेको छैन।

स्तरोन्नति भएपछि नेपालले हाल अति कम विकसित मुलुकको रूपमा पाइरहेको भन्सार रहित र कोटा रहित बजार पहुँच गुमाउन सक्ने देखिएको छ। विशेष गरी युरोपेली युनियन, संयुक्त राज्य अमेरिका र अन्य विकसित देशहरूमा नेपाली उत्पादनको निर्यातमा थप भन्सार भार पर्न सक्ने र यसबाट निर्यात व्यापारमा करिब ४.३ प्रतिशत सम्मको ह्रास आउन सक्ने अध्ययनहरूले देखाएका छन्।

त्यसका लागि सरकारले मुख्य ७ वटा स्तम्भहरूमा आधारित रहेर कार्यनीतिहरू तय गरेको छ। जसमा बजार पहुँच, उत्पादन वृद्धि, पूर्वाधार विकास, डिजिटल व्यापार र आर्थिक कूटनीतिको क्षेत्रमा काम गर्ने विषय रहेका छन्। हाल नेपालको वैदेशिक व्यापारमा आयातको हिस्सा अत्यधिक रहेको र व्यापार घाटा फराकिलो हुँदै गएको छ। यस रणनीतिले वस्तुगत र देशगत विविधीकरणमा जोड दिँदै सूचना प्रविधि, पर्यटन र जलविद्युत् जस्ता सेवा क्षेत्रको निर्यातलाई समेत प्राथमिकतामा राखेको छ। सरकारले यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न मन्त्रालय र निकायहरूबीच समन्वय गर्ने र नियमित अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था समेत गरेको छ।

नेपाली कैदीलाई आममाफी दिन म्यानमार सकारात्मक



❐ काँक्रेबिहार संवाददाता
काठमाडौं, १३ फागुन

परराष्ट्र मन्त्रालयले अनलाइन स्क्यामिङमा पक्राउ परेका १८ नेपाली कैदीलाई म्यानमारले आममाफी दिन सकारात्मक देखिएको जनाएको छ।

बुधबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा परराष्ट्र मन्त्रालयको दक्षिणपूर्वी एसिया तथा प्रशान्त क्षेत्र महाशाखा प्रमुख प्रकाश अधिकारीले अवैध रुपमा म्यानमार पुगेर अनलाइन स्क्यामिङमा पक्राउ परेका नेपालीहरुलाई आममाफी दिन सकारात्मक देखिएको जानकारी दिएका हुन्। म्यानमारले अनलाइन स्क्यामिङ केन्द्रमा काममा लगाइएका १८ जना नेपालीलाई पक्राउ गरि एक वर्ष कैद सजाय सुनाएको थियो। त्यसलगतै म्यानमारका लागि नेपालका राजदूतसँग सम्पर्क गरि म्यानमारका उपविदेशमन्त्री र गृहमन्त्रीसँग भेटघाट गर्दा आममाफी दिन सकारात्मक रहेको जवाफ प्राप्त भएको अधिकारीले बताए।

म्यानमारले अवैध अनलाइन स्क्यामिङमा १७ देशका ४९५ जनालाई पक्राउ गरेको भएपनि नेपाल र म्यानमारको अत्यस्त राम्रो द्विपक्षीय सम्बन्ध भएको कारणले नेपालीहरुलाई छाड्ने तयारी गरेको उनको भनाइ छ।

अधिकारीले थाइल्याण्ड र म्यानमारमा आकर्षक तलवको प्रलोभन देखाई भारत लगाएत अन्य देशको बाटो हुदै त्यसतर्फ पठाउने गरेको पाइएको उल्लेख गरे। उनीहरुलाई सुरक्षा गार्ड, अनलाइन डेटिङ, अनलाइन क्यासिनो, गेमिङ तथा फिसिङ, क्रिप्टो ठगी लगायतका क्रियाकलापमा संलग्न गराउने गरेको पाइएको अधिकारीले बताए। थाइल्याण्ड र म्यानमार पुगेका नेपालीहरुलाई निश्चित लक्ष्य दिइने र सो पुरा गर्न नसके प्रताडित गर्ने, शोषण गर्ने गरेको गुनासो धेरै नै आउने गरेको उनको भनाइ छ। परराष्ट्रले अनलाइन ठगी केन्द्रहरूमा फसेका नेपाली नागरिकहरू उद्धार गरी नेपाल फर्काउनका लागि सम्बन्धीत देशका दूतावासहरुमार्फत निरन्तर पहल गरिरहेको जनाएको छ।

स्क्यामिङ केन्द्रहरूबाट हालसम्म ३९२ जना नेपाली नागरिकहरूलाई उद्धार गरी नेपाल फर्काइसकिएको र उद्धारको लागि प्रक्रियामा रहेका नेपालीको संख्या हाल ३०९ जना रहेको समेत परराष्ट्रले जानकारी दिएको छ।

बाल यौन दुराचार मुद्दामा सर्वोच्चको फैसलाः

पीडक नाबालक भए पनि क्षतिपूर्ति अनिवार्य

❐ काँक्रेबिहार संवाददाता
काठमाडौं, १३ फागुन

सर्वोच्च अदालतले बालबालिका संलग्न जबरजस्ती करणी (बाल यौन दुराचार) मुद्दामा नयाँ नजिर स्थापित गरेको छ। सर्वोच्चले 'अपराध गर्ने व्यक्ति (पीडक) नाबालक नै भए पनि उसले अपराधबाट पीडितलाई तिर्नुपर्ने क्षतिपूर्तिबाट उन्मुक्ति नपाउने' फैसला सुनाएको छ। सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्ल र न्यायाधीश बालकृष्ण ढकालको संयुक्त इजलासले जबरजस्ती करणी सम्बन्धी एक मुद्दामा तल्लो अदालतका फैसलाहरूलाई उल्ट्याउँदै पीडित बालिकालाई ५० हजार रुपैयाँ क्षतिपूर्ति दिलाउने फैसला गरेको हो। यस फैसलाले फौजदारी न्याय प्रणालीमा पीडकको उमेरभन्दा पीडितको न्याय र राहतलाई प्राथमिकता दिएको छ। सर्वोच्च अदालतले फैसलाको पूर्णपाठ मंगलबार सार्वजनिक गरेको हो।

कपिलवस्तुमा २०७४ साल असार २३ गते १३ वर्ष ८ महिनाका एक बालकले ७ वर्षीया बालिकालाई ललाई-फकाई अप्राकृतिक मैथुन (मलद्वारमा करणी) गरेका थिए। उक्त बाल यौन दुराचार मुद्दामा कपिलवस्तु जिल्ला अदालत र उच्च अदालत तुलसीपुर (बुटवल इजलास) ले ती बालकलाई कसुरदार ठहर गर्दै बालबालिका सम्बन्धी ऐनअनुसार ६ महिना बाल सुधार गृहमा पठाउने फैसला गरेका थिए। तर, ती दुवै तल्लो अदालतले "प्रतिवादी नाबालक भएकोले उसले देवानी दायित्व (क्षतिपूर्ति) बहन गर्न नसक्ने" भन्दै पीडित बालिकालाई क्षतिपूर्ति भने नभराउने फैसला गरे। तल्लो अदालतको सोही 'क्षतिपूर्ति नभराउने' फैसलाविरुद्ध सरकारी वकील कार्यालय सर्वोच्च अदालत पुगेको थियो। सर्वोच्च अदालतले तल्लो अदालतको फैसलालाई "कानूनको अपव्याख्या" भन्दै बदर गरेको छ। सर्वोच्चले सो मुद्दामा मुख्य ४ वटा सैद्धान्तिक व्याख्या गरेको छ। 'बालबालिका सम्बन्धी ऐनले नाबालकलाई कैद (फौजदारी सजाय) मा उमेरका कारण छुट दिएको हो। तर, त्यो छुटको अर्थ पीडितलाई तिर्नुपर्ने क्षतिपूर्तिमा पनि छुट पाउनु होइन' अदालतले भनेको छ, "सजाय पीडकले पीडा दिएबापत पाउने दण्ड हो भने, क्षतिपूर्ति पीडितले भोगेको पीडाबापत पाउने राहत हो। यी दुई छुट्टाछुट्टै विषय हुन्।" सर्वोच्च अदालतले उक्त फैसला गर्दा यसअघि नेपाल सरकार विरुद्ध मुन्ना मिया अन्सारी भन्ने गुलाव मिया भएको नाबालकसँग अप्राकृतिक मैथुन (जबरजस्ती करणी) मुद्धाको नजिरलाई आधार बनाएको छ। सो मुद्दामा अदालतले फैसला गर्दा भनेको छ- "क्षतिपूर्ति सम्बन्धी कानूनी व्यवस्था मानसिक, शारीरिक, भौतिक, सामाजिक रूपमा क्षति पुगेको व्यक्तिलाई त्यस्तो क्षतिको मूल्य बापत भराईदिने आर्थिक मूल्य भराइ दिने व्यवस्था हो।



सम्पादकीय

चेतावनी मात्रै होइन, कारबाही गर

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा कर्णाली प्रदेशसहित देशभरका जनप्रतिनिधिहरू निर्वाचन आचारसंहिता विपरीत खुला प्रचारप्रसारमा संलग्न छन् । हाल यो विषय गम्भीर चिन्ताको विषय पनि बनेको छ । वडा सदस्यदेखि स्थानीय तहका प्रमुख, प्रदेशसभा सदस्यदेखि मुख्यमन्त्रीसम्मले दल तथा उम्मेदवारको पक्षमा खुलेआम प्रचार गर्नु केवल आचारसंहिताको उल्लंघन मात्र होइन, लोकतान्त्रिक मर्यादामाथि प्रहार पनि हो । निर्वाचन स्वच्छ, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउनु राज्यको दायित्व हो । यही उद्देश्यका लागि निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ लागू गरेको हो । आचारसंहिताले जनप्रतिनिधिलाई निश्चित सीमाभित्रै रहेर राजनीतिक गतिविधि गर्न अनुमति दिएको छ । स्थानीय कार्यपालिकाका पदाधिकारीले आफ्नो कार्यक्षेत्र बाहिर प्रचारमा संलग्न हुन सक्ने व्यवस्था भए पनि सरकारी स्रोत-साधन प्रयोग गर्न नपाइने स्पष्ट प्रावधान छ । अझ आफ्नै स्थानीय तहभित्र दल विशेषको पक्षमा उत्रिनु त तटस्थताको सिद्धान्तविपरीत कार्य हो । तर व्यवहारमा भने पदको मर्यादा र संवैधानिक दायित्व बिर्सेर जनप्रतिनिधिहरू चुनावी मैदानमा उत्रिएका छन् ।

निर्वाचन आचारसंहिता विपरीत खुला प्रचारप्रसारमा लागेपछि जनप्रतिनिधि विरूद्ध देशभरबाट निर्वाचन आयोगमा करिब ८० भन्दा बढी उजुरी परिसकेका छन् । यो नै जनप्रतिनिधिहरूका लागि पदको मर्यादा र संवैधानिक दायित्व बिर्सेको दरिलो प्रमाण हो । तर अधिकांश जनप्रतिनिधिहरू आचारसंहिता विपरीत खुला प्रचारप्रसारमा लागेपनि सबै उजूरीको रूपमा भने आएका छैनन् । आयोगले आचारसंहिता उल्लंघन गर्ने जनप्रतिनिधिहरूलाई लिखित तथा मौखिक स्पष्टीकरण माग्दै चेतावनी दिएको छ । तर बारम्बार आचारसंहिता उल्लंघन गर्ने जनप्रतिनिधिका लागि चेतावनी मात्रै पर्याप्त भने छैन । यदि आचारसंहिता उल्लंघन स्पष्ट देखिएको छ भने दफा ४८ अनुसार कडाइका साथ कारबाही हुनुपर्छ । अन्यथा आचारसंहिता कागजी दस्तावेजमा सीमित हुनेछ । जनप्रतिनिधि स्वयं कानुन मिचेर प्रचारमा उत्रिँदा सर्वसाधारणलाई कानुनको पालना गर्न कसरी नैतिक आग्रह गर्न सकिन्छ ? यसै सन्दर्भमा भौतिक स्वरूपका चुनाव चिन्ह प्रयोगबारे आयोगको आग्रह पनि सान्दर्भिक छ । धातु, काठ वा कडा सामग्रीबाट बनेका चिन्ह बोकेर प्रचार गर्दा सार्वजनिक सुरक्षामा जोखिम बढ्ने गुनासो आएको छ । आयोगले तोकिएको मापदण्डअनुसार कपडा, कागज वा फ्लेक्समा छापिएका सामग्री मात्र प्रयोग गर्न आग्रह गरेको छ । तर यदि यसलाई बेवास्ता गरिन्छ भने त्यसको परिणाम पनि स्पष्ट हुनुपर्छ र उल्लंघन भए कारबाही गर्न जरूरी छ ।

निर्वाचन आयोगले प्रचारप्रसारको पनि समयसीमा तोकेको छ । यसको पालना गर्न राजनीतिक दललाई दिइएको निर्देशन पनि उत्तिकै महत्त्वपूर्ण छ । धाकधम्की, डरत्रास, सामाजिक बहिष्कार, आर्थिक प्रलोभन र हातहतियार प्रदर्शन जस्ता गतिविधि गर्नु कानुनी अपराध हो । मतदातालाई नगद, जिन्सी, भोजभतेर वा उपहारमार्फत प्रभावित पार्ने प्रयास लोकतान्त्रिक मूल्यको अपमान हो । जनप्रतिनिधि आफैं नियम उल्लंघनमा अग्रसर भए लोकतन्त्र कमजोर हुन्छ । त्यसैले आयोगले 'गम्भीर ध्यानाकर्षण' र 'चेतावनी' मा मात्र सीमित नरही उदाहरणीय कारबाही पनि गर्नुपर्छ । निष्पक्षता देखाउन सकिएन भने आचारसंहिताको विश्वसनीयता समाप्त घट्दै जानेछ । लोकतन्त्रमा सबैभन्दा माथि कानुन हुन्छ–पद होइन । जनप्रतिनिधि पदको आडमा आचारसंहिता मिच्न पाउने सुविधा लोकतन्त्रले दिएको छैन । निर्वाचनलाई स्वच्छ, पारदर्शी र विश्वसनीय बनाउन नियम, कानून सबैका लागि समान रूपमा लागू हुनुपर्छ । निर्वाचनको विश्वसनीयता जोगाउन अटेर जनप्रतिनिधिलाई कारबाही अपरिहार्य छ । चेतावनीले नटेरे कानुनी प्रक्रिया थाल्नुपर्छ, यही नै लोकतान्त्रिक शासन व्यवस्थाको आधार हो । त्यसैले अब चेतावनी मात्र होइन, कारबाही गर्न पनि जरूरी छ ।



✍ डा. अमृता शर्मा

गिग अर्थव्यवस्था :

नेपाली अर्थतन्त्रको नयाँ बाटो

"यो लचिलोपनले विशेषगरी घरपरिवारको जिम्मेवारी सम्हालेका महिलालाई ठूलो राहत दिएको छ । उनीहरूले फुल टाइम काममा समय दिन नसके पनि फुर्सदमा गिग व्यवसायमा संलग्न भएर आत्मनिर्भर हुने अवसर पाएका छन् ।"

नेपालको अर्थतन्त्रलाई नियाल्ने हो भने औपचारिक अर्थतन्त्रमाथि अनौपचारिक अर्थतन्त्र परम्परागत रूपमै हाबी हुँदै आएको छ । यही अनौपचारिक अर्थतन्त्रको संरचनाभित्र पछिल्ला केही वर्ष प्रविधिको विकाससँगै रोजगारी र आम्दानीको नयाँ स्वरूप देखिन थालेका छन् । यसलाई विश्वव्यापी रूपमा गिग अर्थव्यवस्थाको नामले चिनिन्छ ।

'गिग' शब्दको उत्पत्ति संगीतको क्षेत्रबाट भएको मानिन्छ, जहाँ संगीतकर्मीहरू कुनै एक कार्यक्रमका लागि आबद्ध हुन्थे, उनीहरू औपचारिक र पूर्णकालीन पेसामा आबद्ध हुनेभन्दा एउटा कार्यक्रममा सहभागी हुने र त्यसबापतको पारिश्रमिक लिने गर्दथे ।

तर, आजको डिजिटल युगमा यसको अर्थ र आयाम निकै फराकिलो बन्दै गएको छ । गिग अर्थव्यवस्थालाई मुख्यतया छोटो अवधिको, लचकदार र परियोजनामा आधारित कामका रुपमा परिभाषित गरिन्छ । यसमा स्थायी रोजगारमा जस्तो दायरा रहँदैनन् । यो स-साना काम वा लचिलो समय आधारित स्वतन्त्र प्रकृतिको हुन्छ ।

नेपालको सन्दर्भमा फुडमान्डु, पठाओ, इनड्राइभजस्ता स्टार्टअप प्ल्याटफर्ममा आबद्ध भएर आफूलाई पायक पर्ने समयमा काम गर्ने राइडर तथा सामान डेलिभरी गर्ने व्यक्ति यसका उदाहरण हुन् । यी प्ल्याटफर्मले सहरी जीवनशैलीलाई सहज बनाउनुका साथै रोजगारी ठूलो अवसरसमेत सिर्जना गरिरहेका छन् ।

गिग इकोनोमीको दायरा यतिमा मात्र सीमित छैन । यसको अर्को महत्वपूर्ण पाटो 'अपवर्क, फाइभरजस्ता अन्तर्राष्ट्रिय प्ल्याटफर्म हुन्, जहाँ नेपाली युवाले नेपालमै बसेर आफ्नो सीपमार्फत् विदेशी मुद्रा आर्जन गर्न सफल छन् । यो नयाँ आर्थिक व्यवस्थाले कामदारलाई पूर्ण स्वायत्तता प्रदान गरेको छ ।

ग्राफिक्स डिजाइनरदेखि लेखक, सफ्टवेयर डेभलपर, परामर्श जोकोहीले आफ्नो दक्षताका आधारमा जुनसुकै समय जुनसुकै स्थानबाट काम गर्न सक्ने अवसर पाएका छन् । यसले मानिसलाई स्थायी कामका साथै अतिरिक्त आम्दानी गर्ने वा पूर्ण रुपमै स्वतन्त्र भएर काम गर्ने विकल्प दिएको छ । 'आफैं आफ्नो मालिक' बन्ने अवसर दिएको छ ।

कुनै पनि कुराको राम्रो र नराम्रो दुवै पक्ष हुन्छ भनेजस्तै यस्ता अवसरसँगै गिग अर्थव्यवस्थाका अर्को पाटो पनि छ । स्थायी रूपमा अर्थात् भनौं औपचारिक रोजगारीमा जस्तो गिग इकोनोमीमा सञ्चय कोष, उपदान, स्वास्थ्य बिमा र रोजगारीको स्थायित्वजस्ता सामाजिक सुरक्षा व्यवस्था हुँदैन ।

यसले गर्दा कामदारको आय अस्थिर हुने र भविष्य अनिश्चित बन्ने जोखिम उत्तिकै रहन्छ । तर, बेरोजगारको ठूलो समस्याले जेलिएको नेपालका लागि गिग इकोनोमी रोजगारी सिर्जना गर्न र देशको आर्थिक अवस्थालाई चलायमान राख्न महत्वपूर्ण आयाम बन्न सक्छ । यद्यपि, यसको दिगो विकास र व्यवस्थापनका लागि विद्यमान नीतिगत व्यवस्थाको परिमार्जन आवश्यक छ ।

नेपालमा गिग अर्थव्यवस्था

नेपालमा गिग अर्थव्यवस्थाको विस्तृत अध्ययन हुन सकेको छैन । तापनि, उपलब्ध तथ्यांक र प्रवृत्तिले यसको तीव्र विस्तारलाई स्पष्ट संकेत गर्छ । यसअघि इन्स्टिच्युट फर इन्टिगेटेड डेभलपमेन्ट स्टडिज (आईआईडीएस) ले गरेको एक अध्ययनले आइटी सेवा निर्यात गरेर विदेशी डलर भित्र्याउने क्षेत्रमा करिब ६६ हजार गिग कामदार सक्रिय रहेको देखाएको थियो । यो संख्याले नेपालमा गिग वर्कको बलियो उपस्थितिलाई मात्र पुष्टि गर्दैन, बरू यसले विदेशी मुद्रा आर्जनमा रेमिट्यान्सबाहेक अर्को महत्वपूर्ण स्रोतको सम्भावनालाई पनि उजागर गरेको छ ।

यो त केवल आइटी सेवा निर्यातको आँकडा हो । पठाओ, फुडमान्डु वा इनड्राइभजस्ता स्थानीय प्ल्याटफर्ममा आबद्ध दशौं हजार कामदार र इन्स्टाग्राम वा फेसबुकजस्ता सामाजिक सञ्जालमार्फत आफना उत्पादन वा सेवा बेचिरहेका अनगन्ती साना उद्यमीलाई जोड्ने हो भने यसको वास्तविक आकार ठूलो रहेको अनुमान गर्न सकिन्छ ।

यस क्षेत्रको जनसांख्यिक विश्लेषणले अझ रोचक तथ्य बाहिर ल्याउँछ । गिग कार्यमा संलग्न हुनेमध्ये करिब ७० प्रतिशत २३ वर्षदेखि ३० वर्ष उमेर समूहका युवा छन् । यो तथ्याकले गिग इकोनोमी मूलतः युवा-केन्द्रित रहेको देखाएको छ । शैक्षिक योग्यताको पाटो पनि उत्तिकै महत्वपूर्ण छ । करिब ५० प्रतिशत गिग कामदारले स्नातक तह पूरा गरेका छन् ।

यसले गिग इकोनोमी केवल राइड सेयरिङ वा डेलिभरीजस्ता कम सीप चाहिने काममा मात्र सीमित छैन । बरू यो उच्च सीपयुक्त र ज्ञानमा आधारित कामको हब बन्दै गएको प्रस्ट हुन्छ । सूचना प्रविधि, डिजाइन, लेखन, परामर्शजस्ता क्षेत्रमा उच्च शिक्षा हासिल गरेका युवाको बाहुल्य छ । यद्यपि, राइडर वा डेलिभरीजस्ता काममा एसएलसी वा प्लस टुभन्दा कम शैक्षिक योग्यता भएका व्यक्तिको संलग्नताले समाजका विभिन्न तह र तप्कालाई गिग अर्थव्यवस्थाले समेटेको देखाउँछ ।

कार्यप्रकृतिका आधारमा हेर्ने हो भने थप नयाँ रोचक तथ्याङ्क देखिन्छ । यहाँ करिब ६६ प्रतिशत मानिसले यसलाई पार्ट टाइम कामको रूपमा अँगालेका छन् भने ३४ प्रतिशतले यसैलाई मुख्य पेसा बनाएका छन् । यसले गिग पेसालाई मानिसले मुख्य पेसा वा अध्ययनसँगै अतिरिक्त आम्दानी गर्ने स्रोतको रुपमा अंगालेको स्पष्ट देखाउँछ ।

यसरी विभिन्न पुस्ता यसप्रति आकर्षित हुनुको पछाडि यसका बहुआयामिक कारण छन् । प्रमुख कारण हो, कामको लचिलोपन । आईआईडीएसले गरेको अध्ययनअनुसार करिब २२.७ प्रतिशतले लचिलो समय तालिकाकै कारण आफूले यस्तो पेसा अँगालेको बताएका छन् ।

९ देखि ५ बजेसम्म अफिसमै उपस्थित भएर कडा अनुशासनमा काम गर्नपर्ने परम्परागत बाध्यताबाट बाहिर निस्किएर आफ्नो अनुकूल समयमा काम गर्न पाउनु यसको मुख्य विशेषता हो ।

यो लचिलोपनले विशेषगरी घरपरिवारको जिम्मेवारी निर्वाह गर्नपर्ने महिलालाई ठूलो राहत दिएको छ । उनीहरूले फुल टाइम काममा समय दिन नसके पनि फुर्सदको समय गिग व्यवसायमा संलग्न भएर आर्थिक रुपमा आत्मनिर्भर बन्ने अवसर पाएका छन् ।

त्यस्तै करिब १७.३ प्रतिशतले यसलाई आफ्नो साइड हसल वा सोखको रूपमा लिन्छन् । अध्ययनका क्रममा एक प्रतिष्ठित अस्पतालमा काम गर्ने मेडिकल डाक्टरले समेत फुर्सद समयमा पेन्टिङ गरेर त्यसलाई बिक्री गरी अतिरिक्त आम्दानी गरिरहेको समेत भेटियो । यो प्रवृत्तिले मानिस एउटै पेसामा मात्र सीमित रहन नचाहेको समेत देखाउँछ ।

अहिलेको जेन-जी पुस्ताको मानसिकता हेर्दा उनीहरू लामो समयसम्म कसैको अधीनमा बसेर कास गर्नभन्दा आफ्नै मालिक बन्न चाहन्छन् यो स्वतन्त्रता र स्वायत्तताको तीव्र चाहनाले उनीहरूलाई गिग कार्यतर्फ डोऱ्याइरहेको छ ।

यसबाहेक, सिप विकास र विविधता पनि महत्वपूर्ण कारक हुन् । परम्परागत जागिरमा तोकिएको कार्यक्षेत्रभित्र मात्र सीमित हुनुपर्ने बाध्यता हुन्छ । तर, गिग वर्कमा एउटा परियोजनामा काम गर्दागर्दै बजार मागअनुसार अर्को नयाँ सिप सिक्न र त्यसमा काम गर्न पाउँछ । यसले उनीहरूलाई निरन्तर 'अपडेटेड' रहन मद्दत गर्छ । विविध कार्यक्षेत्रमा काम गर्न पाउनु रअन्तर्राष्ट्रिय परियोजनामा संलग्न भएर विश्वव्यापी अनुभव हासिल गर्न यसको अर्को आकर्षण पक्ष हो । सीपयुक्त गिग कामदारले आफ्नो अनुभवका आधारमा पारिश्रमिकको दर समेत आफैं निर्धारण गर्न पाउँछन् र राम्रो काम गर्दै जाँदा उनीहरूको आम्दानी बढ्दै जाने प्रवृत्ति पनि देखिएको छ ।

नेपालको सन्दर्भमा बेरोजगारी र अर्ध-बेरोजगारीको दर उच्च छ । निजी क्षेत्रले अन्तर्राष्ट्रिय स्तरका रोजगारी पर्याप्त रूपमा सिर्जना गर्न सकिरहेका छैनन् । यस्तो अवस्थामा गिग इकोनोमीले तत्कालको रोजगारी अभावलाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका खेलेको छ । देशमा काम नपाएर विदेसिनुपर्ने युवाको बाध्यतालाई सम्बोधन गर्दै यहीं बसेर विदेशी मुद्रा कमाउने अवसर सिर्जना गर्न यसको सबैभन्दा सकारात्मक र प्रभावशाली पक्ष हो ।

उद्यमशीलता, समावेशिता र महिला सशक्तीकरण

गिग अर्थव्यवस्थाको प्रभाव केवल व्यक्तिगत आम्दानी र रोजगारीमा मात्र सीमित छैन । यसले नेपालको उद्यमशीलताको परि दृश्य र समावेशी विकासमा समेत गहिरो र सकारात्मक योगदान पुर्याइरहेको छ । गिग इकोनोमीलाई उद्यमशीलता विकासका लागि महत्वपूर्ण इन्क्युबेटरको रूपमा हेर्न सकिन्छ ।

अध्ययनका क्रममा भेटिएका केही उदाहरण निकै रोचक छन् । कतिपयले गिग प्ल्याटफर्ममा ६ महिनादेखि २ वर्षसम्म काम गरेर आवश्यक सीप र अनुभव बटुलेपछि आफ्नै कम्पनी खोलेर १५ जनासम्मलाई रोजगारी दिएको पाइएको छ । यसले के देखाउँछ भने गिग वर्क केवल रोजगारीको अन्तिम गन्तव्य मात्रै होइन । बरु उद्यमशीलताको पहिलो खुड्किलो पनि हो । यसरी गिग इकोनोमीले भविष्यका लागि कर्पोरेट क्षेत्रलाई आवश्यक पर्ने सीपयुक्त जनशक्ति र उद्यमीसमेत तयार पारिरहेको छ ।

कम्पनीहरूको दृष्टिकोणबाट हेर्दा पनि गिग इकोनोमी उत्तिकै लाभदायक छ । यसले कम्पनीलाई एक तहसम्म प्रशिक्षित र अनुभवी जनशक्ति उपलब्ध गराउँछ । नेपालमा हरेक वर्ष हजारौंले स्नातक तह उत्तीर्ण गर्छन् । तर, कर्पोरेट क्षेत्रले उनीहरूलाई सीधै रोजगारी दिन सक्दैन । कम्पनीका अनुसार स्नातक उत्तीर्णलाई सुरूमा ६ देखि ७ महिनासम्म तालिम दिनुपर्ने बाध्यता छ ।

तर, गिगमा केही समय काम गरेर आएकाहरू सीपयुक्त र अनुभवी हुने भएकाले कम्पनीले एक तहको तालिम प्राप्त जनशक्ति पाउँछन्, जसले कम्पनीको तालिम खर्च र समय दुवै बचाउँछ । यसका साथै १५ देखि २० जना कर्मचारी रहने साना तथा मध्यम स्तरका कम्पनीले आर्टिफिसिएल इन्टिलिजेन्स (एआई) वा ब्लकचेनजस्ता प्रविधिका विशेषज्ञलाई स्थायी रूपमा महँगो तलब दिएर काममा राख्न सक्दैनन् । यस्तोमा गिग व्यवस्थाले त्यस्ता साना कम्पनीहरूलाई पनि आफ्नो आवश्यकताअनुसार पार्ट टाइम वा परियोजनामा आधारित विज्ञबाट काम लिन सक्छन् ।

गिग अर्थव्यवस्थाको सबैभन्दा सबल र महत्वपूर्ण अर्को पक्ष महिला सशक्तीकरण र समावेशितामा यसले खेलेको भूमिका हो । नेपाली समाजमा विवाहपछि सन्तान जन्मिनासाथ महिलाहरू आफ्नो कामबाट लामो ब्रेक लिन बाध्य हुन्छन् । जब उनीहरू केही वर्षपछि पुनः काममा फर्कन खोज्छन्, बजारका लागि ' आउटडेटेड भइसकेका हुन्छन्, जसले उनीहरूको करियर विकास र आर्थिक आत्मनिर्भरतामा ठूलो बाधा पुग्छ । गिग कार्यले यो गम्भीर समस्याको व्यावहारिक समाधान दिएको छ । यसले महिलालाई घरमै बसेर बच्चा हुर्काउँदै आफ्नो पारिवारिक जिम्मेवारीसँगै लचिलो समयमा काम गर्ने अवसर दिएको छ ।

रोचक

कार्यस्थलमै रक्सी पिएका कारण निकालिएका कर्मचारीले जिते मुद्दा

मड्रिड । कार्यस्थलमा मादक पदार्थ सेवन गर्नु सामान्यतया जागिरबाट निकालिने पक्का आधार मानिन्छ, तर स्पेनको एक अदालतले यस सम्बन्धमा एउटा अनौठो र निकै चर्चामा रहने फैसला सुनाएको छ । ड्युटीकै समयमा पटक-पटक रक्सी पिएको भन्दै निकालिएका एक इलेक्ट्रिकल कर्मचारीलाई अदालतले ४७ हजार युरो क्षतिपूर्ति दिन कम्पनीको नाममा आदेश जारी गरेको हो ।



ती कर्मचारीको अस्वाभाविक व्यवहारमाथि शंका लागेपछि कम्पनीले उनलाई निगरानी गर्न निजी जासुस नै नियुक्त गरेको थियो । जासुसले बुझ्काएको रिपोर्टमा ती व्यक्तिले कामकै समयमा बार र पार्किङ स्थलहरूमा बसेर बियर पिउने गरेको उल्लेख थियो । एक दिनको लन्च ब्रेकमा मात्रै उनले तीन लिटरसम्म बियर पिएको दाबी गरिएको थियो । कम्पनीका लागि यो गम्भीर अपराध थियो, किनकि ती कर्मचारीले कम्पनीको गाडी चलाउनुपर्थ्यो र रक्सीको नशामा सवारी चलाउँदा अरूको ज्यान जोखिममा पर्न सक्ने भन्दै कम्पनीले उनलाई बर्खास्त गरेको थियो । तर, जागिरबाट निकालिएपछि ती कर्मचारीले कम्पनीविरुद्ध अन्यायपूर्ण बर्खास्ती' को मुद्दा दायर गरे । मर्सियाको उच्च अदालतले सबैलाई अचम्ममा पार्दै कर्मचारीकै पक्षमा फैसला सुनायो । अदालतले कर्मचारीको आचरणमा खोट रहेको स्वीकार गरे पनि कम्पनीले दिएको सजाय अत्यधिक भएको ठहर गयो । न्यायाधीशहरूले कम्पनीलाई दुईवटा विकल्प दिएका छन्, कि त ती कर्मचारीलाई पुनः काममा फर्काउनु पर्नेछ, कि त क्षतिपूर्ति रकम तिर्नुपर्नेछ ।

अदालतले आफ्नो फैसलामा केही रोचक तर्कहरू अघि सारेको छ । पहिलो, लन्च ब्रेकलाई प्राविधिक रूपमा कामको समय मान्न नसकिने र त्यतिबेला पिएको रक्सीलाई कार्यस्थलको अनुशासन उल्लंघनसँग जोड्न नमिल्ने अदालतको ठहर छ । दोस्रो, कम्पनीले रक्सी पिएकै कारण ती कर्मचारीको कार्यसम्पादनमा ह्रास आएको वा कसैको ज्यान जोखिममा परेको ठोस प्रमाण पेश गर्न सकेन ।साथै, स्पेनको कानुनले कहिलेकाहीँको मातिएको अवस्थालाई मात्र लिएर जागिरबाट निकाल्न निषेध गरेको छ; यस्तो कारबाहीका लागि कर्मचारी नियमित जड्याँहा भएको पुष्टि हुनुपर्छ । जासुसले देखेका घटनाहरूलाई अदालतले 'फाट्टफुट्ट' भएको भन्दै सफाइ दिएको हो ।

विश्व

आप्रवासनविरुद्ध ट्रम्पको कडा सन्देश

राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार १०८ मिनेट लामो स्टेट अफ द युनियन सम्बोधनमार्फत अमेरिकाले विभिन्न क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरिरहेको दाबी गर्दै आफ्नो प्रशासनको आर्थिक र विदेश नीतिलाई सफल साबित गर्न प्रयास गरेका छन् ।

घट्दो अनुमोदन दर र आगामी मध्यावधि चुनावको सन्दर्भमा आएको यो भाषण उनको पहिलो कार्यकालकै सबैभन्दा लामो सम्बोधन बनेको छ ।

काङ्ग्रेसको संयुक्त सत्रअघि बोल्दै राष्ट्रपति ट्रम्पले अर्थतन्त्र अपेक्षाभन्दा बलियो रहेको र मतदाताले रिपब्लिकनलाई समर्थन गरे अझ प्रगति हुने बताए । "हाम्रो देश फेरि जित्दैछ", उनले भने, "हामी यति धेरै जित्दैछौं कि कहिलेकाहीं के गर्ने भन्ने नै थाहा हुँदैन ।" भाषणमा उनले सैन्य कारबाही, व्यापार नीति र आप्रवासन नियन्त्रणलाई उपलब्धिका रूपमा प्रस्तुत गर्नुभयो । आयात शुल्कसम्बन्धी सर्वोच्च अदालतको निर्णयप्रति असन्तुष्टि जनाउँदै उनले वैकल्पिक कानूनी प्रावधान प्रयोग गरेर अगाडि बढ्ने सङ्केत गरे । "काङ्ग्रेसको कार्य आवश्यक नपर्न सक्छ", उनले भने। उनले उपभोक्ताले मूल्य चुकाउने आलोचनाबीच पनि शुल्क विदेशी देशले तिर्ने दाबी दोहोऱ्याए ।

सर्वोच्च अदालतका मुख्य न्यायाधीश जोन रोबर्ट्ससहित केही न्यायाधीश काङ्ग्रेसको संयुक्त सत्रमा भइरहेको स्टेट अफ द युनियन सम्बोधनका क्रममा प्रतिनिधिसभा कक्षमै उपस्थित थिए । भाषण चलिरहेकै बेला शुल्कसम्बन्धी निर्णयको प्रसङ्ग उठ्दा डेमोक्रेट सांसदहरूले स्वागत जनाए पनि अन्य विषयमा तीव्र विरोध देखियो । क्यालिफोर्नियाका मार्क टाकानो र मिशिगनकी रशिदा तलैबले खुला रूपमा आलोचना गरे भने अल ग्रीनलाई सम्बोधन सुरु भएको केहीबेरमै विरोध प्रदर्शनपछि कक्षबाट बाहिर निकालियो ।

राष्ट्रपतिले आप्रवासनविरुद्ध कडा सन्देश दिँदै 'अवैध विदेशी होइन, अमेरिकी नागरिकको रक्षा' गर्नुपर्ने बताए । उनले मेल-इन मतपत्र सीमित गर्ने र मतदाता परिचय कडा पार्ने प्रस्तावसमेत अघि सारे । तर जीवनयापनको बढ्दो लागत र अर्थतन्त्रको सुस्त वृद्धि जस्ता विषयले अपेक्षाकृत कम समय पाए । उच्च मूल्य र स्वास्थ्य खर्चबारे डेमोक्रेटलाई दोष दिँदै उनले 'त्यो समस्या तपाईंहरूले सिर्जना गर्नुभयो' भने । भाषणका भावनात्मक क्षणहरूमा ओलम्पिक स्वर्ण विजेता अमेरिकी पुरुष हक्की टोलीलाई सम्मान गरिएको थियो । गोलकिपर कनर हेलेब्यूकलाई प्रेसिडेन्सियल मेडल अफ फ्रिडम दिने घोषणा र नेसनल गार्ड सदस्य एन्ड्र्यु वोल्फलाई पर्पल हार्ट प्रदान गरिँदा दुवै दलका सांसदहरूले उभिएर अभिवादन गरेका थिए । सन् २०२० मा रेडियो होस्ट रस लिम्बगलाई दिइएको सम्मानको स्मरण पनि गराइयो । विदेश नीतिमा राष्ट्रपति ट्रम्पले इरानलाई 'आणविक हतियार कहिल्यै राख्न नदिने' चेतावनी दोहोऱ्याए । मध्यपूर्वमा दुई अमेरिकी विमानवाहक पठाइएको पृष्ठभूमिमा उनले कूटनीतिक समाधान प्राथमिकता रहेको तर आवश्यक परे कठोर कदम चाल्ने बताए । उनले तेहरानमाथिको हवाई आक्रमण र भेनेजुएलामा निकोलस मदुरोलाई अपदस्थ गरिएको कारबाहीको प्रशंसा गरे ।डेमोक्रेटिक प्रतिक्रिया दिँदै भर्जिनियाकी गभर्नर एबिगेल स्प्यानबर्गरले शुल्क नीति, आप्रवासन कदम र सङ्घीय खर्च कटौतीको आलोचना गर्नुभयो । "सर्वोच्च अदालतले शुल्क खारेज गरे पनि क्षति भइसकेको छ", उनले भने । मध्यावधि चुनाव नजिकिँदै गर्दा आएको यो लामो सम्बोधनले राष्ट्रपति ट्रम्पको राजनीतिक सन्देश स्पष्ट बनाएको छ–उनी उपलब्धि प्रस्तुत गर्दै मतदातालाई विश्वास दिलाउन चाहन्छन्, तर काङ्ग्रेसभित्रको विभाजन र आर्थिक चिन्ताले त्यसलाई चुनौती दिइरहेको छ ।

काँक्रेबिहार
राष्ट्रिय दैनिक
www.kankrebihar.com

निर्वाचन आचारसहिंताबारे जिल्लागत छलफल तीब्र

काँक्रेबिहार संवाददाता
जाजरकोट, १३ फागुन

यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनका लागि कर्मचारी खटिएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयले सात वटा स्थानीय तहमा रहेका १४६ वटा मतदान केन्द्रमा आठ सय बढी कर्मचारी खटिएका हुन् । मुख्य निर्वाचन कार्यालयका अधिकृत दुर्गा प्रसाद खनालका अनुसार निर्वाचनका लागि जाजरकोटमा ८८३ जना कर्मचारी तोकिएका छन् ।

निर्वाचनलाई व्यवस्थित बनाउन जाजरकोटमा करिब तीन हजार बढी सुरक्षाकर्मी र ८८३ जना कर्मचारी खटिने छन् । उनले १४६ वटा मतदान स्थलमा १४६ जना निर्वाचन अधिकृत, १४६ जना सहायक निर्वाचन अधिकृत र ५९१ जना कर्मचारी तोकिएको बताए ।

निर्वाचनमा खटिएका निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृतलाई बुधबार तालिम दिएर निर्वाचन स्थलमा खटाइने छ । प्रमुख जिल्ला अधिकारी राजु प्रसाद पौडेलले फागुन २१ गतेको निर्वाचनलाई शान्तिपूर्ण, भयरहित, वातावरणमा सम्पन्न गर्नका लागि जिल्लाको सुरक्षा व्यवस्था कडा पारिएको बताए यता जुम्ला जिल्लामा पनि प्रतिनिधि सभा सदस्य निर्वाचनलाई निष्पक्ष, भयरहित र मर्यादित वातावरणमा सम्पन्न गर्ने उद्देश्यले जुम्लामा सर्वदलीय छलफल गरिएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय जुम्ला तथा जिल्ला निर्वाचन कार्यालय जुम्ला को आयोजनामा सम्पन्न बैठकमा निर्वाचन आचारसंहिता कडाइका साथ पालना गर्ने विषयमा व्यापक छलफल भएको हो ।

बैठकमा राजनीतिक दलका प्रतिनिधिलाई निर्वाचन आचारसंहिता पूर्ण रूपमा कार्यान्वयन गर्न आग्रह गरिएको थियो । प्रचारप्रसारका क्रममा भड्किलो नाराबाजी, गलत सूचना प्रवाह, मतदातालाई प्रलोभन दिने गतिविधि तथा सामाजिक सञ्जालको दुरुपयोग नगर्न



विशेष ध्यानाकर्षण गराइएको छ ।

मुख्य निर्वाचन अधिकृत आनन्दराज पन्तले निर्वाचनलाई शान्त, व्यवस्थित र विश्वसनीय बनाउन सबै राजनीतिक दल, उम्मेदवार, सञ्चारमाध्यम तथा मतदाताको साझा जिम्मेवारी रहने बताए । आचारसंहिता उल्लङ्घन भए कानुनबमोजिम कारबाही गरिने उनले चेतावनी दिएका हुन् ।

पत्रकारसँगको अन्तर्क्रियामा तथ्यपरक, सन्तुलित र जिम्मेवार समाचार सम्प्रेषण गर्न आग्रह गरिएको छ । नागरिक समाज जुम्लाका अध्यक्ष राजबहादुर महतले निर्वाचनमा बालबालिकाको प्रयोग भइरहेको, जनप्रतिनिधि आफ्नै पालिकामा प्रचारमा गइरहेको भए पनि मुख्यनिर्वाचन अधिकृतको कार्यालयले सूक्ष्म अनुगमन नगरेको गुनासो व्यक्त गरे । जुम्लाका ११० मतदान केन्द्र र ८५ वटा मतदान स्थल केन्द्र रहेका छन् । यस्तै सल्यान जिल्लामा पनि निर्वाचनलाई स्वच्छ, निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गर्न जिल्लामा मतदान अधिकृत तथा सहायक मतदान अधिकृतका लागि अभिमुखीकरण सञ्चालन गरिएको छ । जिल्लाभरका मतदान केन्द्रमा खटिने कर्मचारीलाई लक्षित गर्दै कार्यक्रम आयोजना गरिएको हो ।

जिल्ला निर्वाचन कार्यालय सल्यानका ११७ मतदान स्थल अन्तर्गत २०५ मतदान केन्द्रमा खटिने ४३० जना मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई दुई दिनभित्र अभिमुखीकरण प्रदान गर्ने व्यवस्था मिलाइएको छ । अभिमुखीकरणमा मतदान प्रक्रिया, मतपेटिका व्यवस्थापन, मतदाता परिचयपत्र परीक्षण, मतपत्र प्रयोग विधि, शङ्कास्पद अवस्थाको व्यवस्थापन, निर्वाचन आचारसंहिता पालना तथा मतगणना प्रक्रियाबारे विस्तृत जानकारी दिइएको छ ।

जिल्ला निर्वाचन कार्यालय सल्यानका निर्वाचन अधिकारी धीरेन्द्र भण्डारीले मतदानका क्रममा उत्पन्न हुन सक्ने चुनौती र समाधानका उपायबारे स्पष्ट निर्देशन दिइएको बताए । जिल्लामा यस पटक एक लाख ६२ हजार ४४९ मतदाता रहेका छन् । तीमध्ये ८३ हजार ३२१ पुरुष र ७९ हजार १२८ महिला मतदाता रहेका छन् । प्रतिनिधि सभा सदस्य पदका लागि १४ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । आचारसंहिताभित्र रहेर प्रचारप्रसार सुर्खेतमा राजनीतिक दलले आफ्ना प्रचारप्रसारका गतिविधि निर्वाचन आचारसंहिताभित्र गरिरहेको पाइएको छ । निर्वाचन आयोगद्वारा गठित जिल्ला आचारसंहिता अनुगमन समितिले फागुन १० गतेसम्मको दलहरूको चुनावी गतिविधि निर्वाचन आचारसंहिताभित्र भइरहेको पाइएको जनाएको हो । नेपाल पत्रकार महासङ्घले सुर्खेतमा आयोजना गरेको निर्वाचन रिपोर्टिङ र पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रममा जिल्ला आचारसंहिता अनुगमन समितिका संयोजक एवं सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले दलहरूले आचारसंहिता उल्लङ्घन गरेको कुनै पनि लिखित उजुरी नपरेको बताए ।

उनले लिखित उजुरी नपरेपछि दलका गतिविधि निर्वाचन आयोगको आचारसंहिता पालना गरेर भइरहेको देखिएको उल्लेख गरेका छन् । उनले कहीं कतै उल्लङ्घन भएको मौखिक जानकारी आएकोमा सम्बन्धित दल र उम्मेदवारलाई मौखिक रूपमा सचेत गराएको बताए । उनले विगतमा जस्तो घर घरमा झन्डा टाँग्ने, दलको चुनाव चिह्न अङ्कित टिसर्ट, कपडा प्रयोग गर्ने, द्वेय फैलाउने जस्ता गतिविधिहरू यस पटक नभएको अनुगमनका क्रममा देखिएको बताए ।

उम्मेदवार मत माग्दै, किसान लालपूर्जा



काँक्रेबिहार संवाददाता
दाङ, १३ फागुन

निर्वाचन नजिकिँदै गएसँगै उम्मेदवार मतदाताको घरदैलोमा पुग्न व्यस्त छन् । यसैबिच स्वर्गद्वारी गुठीपीडित मोही किसानले उम्मेदवारसँग आफ्ना दीर्घकालीन समस्यालाई चुनावी एजेन्डाका रूपमा अघि सारेका छन् ।

किसानले घरदैलोमा आउने उम्मेदवारदेखि सामूहिक छलफलसम्म आफ्नो आवाज उठाउँदै लामो समयदेखि अल्झिँदै आएको समस्याको समाधानका लागि दबाब सिर्जना गरिरहेका छन् । बर्सौंदेखि स्वर्गद्वारी गुठीको जग्गामा बसोबास गर्दै आएका गुठीपीडित किसानले आश्रमको जग्गा आफ्नो नाममा रैकर गरिनुपर्ने र मोहियानी हक कायम गर्नुपर्ने माग गर्दै निरन्तर आन्दोलन गर्दै आएका छन् । पटक पटक आन्दोलन गर्दा पनि सुनुवाइ नभएपछि उनीहरूले अब हुने निर्वाचनमा सहभागी नहुनेसमेत चेतावनी दिएका छन् ।

घोराहीमा पत्रकार सम्मेलन गर्दै स्वर्गद्वारी गुठीपीडित मोही किसान सङ्घर्ष समितिका सहसचिव एवं प्रवक्ता प्रवीण चौधरीले समस्या समाधान नभए प्रतिनिधि सभा निर्वाचन बहिष्कार गर्नेसम्मको चेतावनी दिए । यसैबिच दाङ निर्वाचन क्षेत्र नं. १ का उम्मेदवारसँग मोही किसानले सामूहिक छलफल गरेका छन् ।

छलफलका क्रममा उम्मेदवारले मोही अधिकार सुनिश्चित हुने गरी ऐन ल्याउने पहल गर्ने प्रतिबद्धता जनाएका छन् । कार्यक्रममा नेपाली कांग्रेसका योगेन्द्र चौधरी, नेकपा (एमाले) का रेवतीरमण शर्मा घिमिरे, नेकपाका मेटमणि चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीका देवराज पाठक र समानुपातिक उम्मेदवार सुरेन्द्र चौधरी, नेकपा (माओवादी केन्द्र) का प्रकाश शाही, जसपाका भरतलाल चौधरी, राष्ट्रिय जनमोर्चाका गणेशप्रसाद आचार्य र राष्ट्रिय परिवर्तन पार्टीका रञ्जित चौधरीले मोही किसानको समस्या समाधानका लागि प्रतिबद्धता जनाएका छन् ।

त्यसै गरी क्षेत्र नं. ३ का उम्मेदवार नेपाली कांग्रेसका दीपक गिरी, नेकपा (एमाले) का घनश्याम पाण्डेय, नेपाल कम्युनिस्ट पार्टीका धनबहादुर मास्की र रास्वपाका कमल सुवेदीसँग पनि छलफल गरेको उनले बताए । जिल्ला प्रशासन कार्यालय दाङको गेटमा सयौं गुठीपीडित किसान अनिश्चितकालीन धर्नामा बसेपछि स्वर्गद्वारी गुठीपीडित किसान र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबिच २०८० चैत ७ गते दुईबुँदे सहमति भएको थियो ।

सो सहमतिमा नेपालको संविधान २०७२ ले गुठीसम्बन्धी गरेका व्यवस्थालाई व्यवस्थित गर्दै स्वर्गद्वारी आश्रमको जग्गामा बसोबास गर्ने सङ्घर्षरत मोही किसानको माग सम्बोधन हुने गरी नयाँ एकीकृत गुठीसम्बन्धी कानुन तर्जुमा प्रक्रिया अविलम्ब थालनी गर्ने सहमति गरिएको थियो ।

यद्यपि उक्त सहमति कार्यान्वयनमा नआएपछि गुठीपीडित किसानले गत वर्ष काठमाडौँमा झन्डै ५१ दिनसम्म आन्दोलनमा उत्रिएका थिए । स्वर्गद्वारी आश्रमका अनुसार आश्रमको दाङ, प्युठान र रोल्पामा जग्गा रहेको छ ।

दाङमा एक हजार ३४ बिघा १७ कट्ठा सात धुर जग्गा छ भने प्युठानमा २८ हजार रोपनी र रोल्पामा १६ रोपनी जग्गा रहेको आश्रमले जनाएको छ । यीमध्ये ६१४ बिघा १२ कट्ठा १४ धुर जग्गामा मोही कायम रहेको आश्रमको भनाइ छ तर स्वर्गद्वारी गुठीपीडित मोही किसान सङ्घर्ष समितिले भने ७५३ बिघा जग्गामा मोही कायम रहेको दाबी गरेको छ । उक्त जग्गामा करिब तीन हजार पाँच घरधुरी मोही किसान आश्रित छन् । आश्रमको दाङ जिल्लाभित्र घोराही, तुलसीपुर, लमहीलगायतका क्षेत्रमा जग्गा रहेको छ ।

१० औं राष्ट्रिय खेलकुद फेरि स्थगित

काँक्रेबिहार संवाददाता
सुर्खेत, १३ फागुन

फागुन १ देखि ७ गतेसम्म कर्णाली प्रदेशको सुर्खेतमा आयोजना गरिने भनिएको १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनपछि उपयुक्त समयमा गरिने भएको छ । मन्त्रिपरिषद्को मङ्गलबार बसेको बैठकले १० औं राष्ट्रिय खेलकुद पुनः सार्ने निर्णय गरेको हो ।

पटक-पटक मिति तय हुँदै र सर्दै आएको राष्ट्रिय खेलकुद प्रतियोगिता यसअघि कात्तिक २४ गते बसेको मन्त्रीपरिषद्को बैठकले फागुन पहिलो साता गर्ने निर्णय गरेको थियो । त्यसअघि पछिल्लो पटक कर्णाली प्रदेशमा गत जेठ ३ देखि १० गतेसम्म आयोजना हुने गरी मिति तय गरिएको थियो ।



मिति सरेपनि १०औं राष्ट्रिय खेलकुदको लोगो र मस्कट सार्वजनिक गरिसकिएको छ । सरकारले मिति सरेपछि आर्थिक वर्ष २०८२,०८३ मा १०औं आयोजनाका लागि ५४ करोड बजेट पनि विनियोजन गरेको थियो । १०औं खेलकुदको मस्कटमा लोपोन्मुख जनावर 'रेडपान्डा' रहेको छ ।

यस्तै लोगोमा सात रङ्ग, चन्द्र र सूर्य झन्डा अङ्कित रहेको छ । यसअघि राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले १०औं खेलकुदको खेलाडी दर्ताका लागि अनलाइन पोर्टल र खेलकुदको डेडिकेटेड अनलाइन पोर्टलसमेत सार्वजनिक गरेको थियो । दुई दुई वर्षमा आयोजना हुनुपर्ने राष्ट्रिय खेलकुदको पछिल्लो नवौं संस्करण २०७९ सालमा गण्डकी प्रदेशको राजधानी पोखरामा भएको थियो ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा महाशाखा
कर्णाली प्रदेश, सुर्खेत

अनिश्चितता र अशान्तिको समयमा आफैलाई सहयोग गर्ने तरिका

शिक्षकका लागि,

जब हिंसा र अशान्तिपछि विद्यालयहरू पुनः खुल्छन्, शिक्षकहरू त्यस्ता कक्षा कोठाहरूमा प्रवेश गर्छन् जहाँ पाठ्यपुस्तक र पाठहरू मात्र हुँदैनन् । ती कक्षा कोठाहरूले बालबालिकाका डर, दुःख र अलमललाई पनि समेटेका हुन्छन् । केही बालबालिकाले हिंसा देखेका हुन सक्छन् । प्रदर्शनमा सामेल भएका हुन सक्छन् वा आफ्ना प्रियजनहरू गुमाएका हुन सक्छन् । जब कि उनीहरूले असुरक्षित वा अनिश्चित महशुस मात्र गरेका पनि हुन सक्छन् । एक शिक्षकको रूपमा तपाईंको धेरै जिम्मेवारीहरू छन् । जसमा आफ्नो ख्याल राख्नु र आफ्ना विद्यार्थीहरूको हेरचाह गर्नु समावेश छ। यदि तपाईं आफै ठीक हुनुहुन्न भने, तपाईं आफ्ना विद्यार्थीहरूलाई सहयोग गर्न सक्नुहुन्न । जब तपाईं शान्त र स्थिर महशुस गर्नुहुन्छ, तपाईंले अरूलाई सहयोग गर्ने, आशा दिने र शान्ति ल्याउने कक्षा कोठा सिर्जना गर्न सक्नुहुन्छ ।

आफ्नो ख्याल राख्नुहोस्

- सबैभन्दा पहिले स्वास्थ्यलाई प्राथमिकता दिनुहोस्: यदि तपाईं आफैं स्वस्थ महशुस गर्नुहुन्न भने, तपाईं राम्रोसँग सिकाउन सक्नुहुन्न ।
- अनिश्चितता र पीडालाई सामान्य रूपमा स्वीकार गर्नुहोस्: गाह्रो समयमा तनाव वा चिन्ता महशुस गर्नु सामान्य हो। आफूलाई ती भावनाहरू महशुस गर्न दिनुहोस् ।
- तनावले तपाईंलाई कसरी असर गर्छ, ध्यान दिनुहोस्: निन्द्रा, मुड वा ऊर्जामा आएको परिवर्तनलाई नियाल्नुहोस् । यदि तपाईंलाई धेरै भारी महशुस हुन्छ भने, विश्वासिलो व्यक्तिसँग कुरा गर्नुहोस् ।
- तपाईंले नियन्त्रण गर्न सक्ने कुराहरूमा ध्यान केन्द्रित गर्नुहोस्: साधारण दैनिक तालिका बनाउनुहोस् । नियमित रूपमा खाने, पानी पिउने, सुत्ने र व्यायाम गर्ने गर्नुहोस्। छोटो हिँडाइ वा सुत्नुअघि मोबाइल तथा कम्प्यूटर उपकरणहरू बन्द गर्नाले पनि मद्दत गर्न सक्छ ।
- जानकारी/समाचारलाई सावधानीपूर्वक व्यवस्थापन गर्नुहोस्: तनावपूर्ण समाचारहरू सीमित गर्नुहोस् र विश्वसनीय स्रोतहरू छान्नुहोस् । सामाजिक सञ्जालको प्रयोगमा सचेत रहनुहोस् ।
- लेख्नुहोस्: चिन्ताहरूलाई डायरीमा लेख्दा तपाईंले व्यवस्थापन गर्न सक्ने कुराहरू देख्न मद्दत गर्न सक्छ । कृतज्ञताको डायरी राख्दा सकारात्मकता बढाउन सक्छ ।
- आराम लिनुहोस्: पाठहरूबीचका केही मिनेटको विश्राम वा सहकर्मी/विद्यार्थीहरूसँग रमाइलो गतिविधिहरूले पनि थकान कम गर्न मद्दत गर्न सक्छ ।
- तपाईंलाई सकारात्मक ऊर्जा दिने मानिसहरूसँग समय बिताउनुहोस्: तपाईंको ऊर्जा सोस्ने मानिसहरूसँग सीमाहरू तोकेर आफ्नो ऊर्जाको रक्षा गर्नुहोस् ।
- सामुदायिक वा आध्यात्मिक कार्यहरूमा संलग्न हुनुहोस्: आस्था, स्वयम्सेवा वा दयाका साना कार्यहरूमार्फत तपाईंलाई उद्देश्य र सम्बन्ध दिने सामुदायिक वा आध्यात्मिक अभ्यासहरूमा संलग्न हुनुहोस् ।
- वर्तमानमा रहनुहोस् । अहिले के भइरहेको छ, त्यसमा ध्यान केन्द्रित गर्नुहोस्: चाहे त्यो पढाउने काम होस्, प्रियजनहरूसँगको समय होस् वा एक्लै बिताएको शान्त क्षण नै होस् ।
- एकअर्कालाई सहयोग गर्नुहोस: शिक्षक साथीहरूसँग कुरा गर्नुहोस्, विचारहरू साझा गर्नुहोस् र एकअर्काको हालखबर सोध्नुहोस् ।
- व्यवस्थित रहनुहोस्: पाठ योजनाहरू पहिले नै तयार गर्दा दैनिक तनाव कम गर्न सक्छ ।
- आफूप्रति धैर्यवान् बन्नुहोस्: सबैले नयाँ सीपहरू सिकिरहेका छन् । एक्लै चिन्ता गर्नुको सट्टा प्रश्नहरू सोध्नुहोस् ।
- आफ्नो सीमा जान्नुहोस्: तपाई सबै कुराको लागि जिम्मेवार हुनुहुन्न। आवश्यक परेमा सहयोग खोज्नुहोस् । विद्यालय व्यवस्थापन, अभिभावक र समुदायमा भर पर्नुहोस् ।
- यदि तपाईंलाई सामना गर्न गाह्रो भइरहेको छ भने मनोसामाजिक परामर्शदाता वा स्वास्थ्यसंस्थाबाट सहयोग खोज्नुहोस् ।

भैरवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भैरिकालिकाथुम, दैलेख
कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः२०८२-११-१४

यस कार्यालयको तपशिलमा उल्लिखित ठेक्काको लागि रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्य निम्न बोलपत्रहरू बोलपत्र मूल्याङ्कन समितिबाट न्यूनतम मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट एवं सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ प्रयो जनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.स.	ठेक्काको विवरण	प्रभावग्राही बोलपत्रदातको नाम र ठेगाना	कबोल अङ्क (With PS & VAT)
1	Bhitrikhola kadeni mahabu sadak construction work (BRM/NCB/ WORKS/2082/083-11)	Star-Himal-Gangotri JV	रु.१,३५,६५,३८२.८२ अक्षरुपी एक करोड पैतिस लाख पैसठ्ठी हजार तीन सय बयासी रुपैया पैसा बयासी मात्र

प्रमुख प्रशासकीय अधिकृत

निर्वाचन अधिकृत र सहायकलाई अभिमुखीकरण कार्यक्रम



काँक्रेबिहार संवाददाता

सल्यान, १३ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन नजिकिँदै गर्दा सल्यानमा तयारी तीव्र पारिएको छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गर्न जिल्लामा मतदान अधिकृत तथा सहायक मतदान अधिकृतका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।

जिल्लाभरका मतदान केन्द्रमा खटिने कर्मचारीलाई लक्षित गर्दै कार्यक्रम आयोजना गरिएको हो। जिल्ला निर्वाचन कार्यालय सल्यानका ११७ मतदान स्थलअन्तर्गत २०५ मतदान केन्द्रमा खटिने ४३० जना मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई दुई दिनभित्र अभिमुखीकरण प्रदान गर्ने व्यवस्था मिलाइएको छ।

अभिमुखीकरण कार्यक्रममा मतदान प्रक्रिया, मतपेटिका व्यवस्थापन, मतदाता परिचयपत्र परीक्षण, मतपत्र प्रयोग विधि, शङ्कास्पद अवस्थाको व्यवस्थापन, निर्वाचन आचारसंहिता पालना तथा मतगणना प्रक्रियाबारे विस्तृत जानकारी दिइएको छ।

जिल्ला निर्वाचन कार्यालय सल्यानका निर्वाचन अधिकारी धिरेन्द्र भण्डारीले मतदानका क्रममा उत्पन्न हुन सक्ने चुनौती र समाधानका उपायबारे स्पष्ट निर्देशन दिइएको बताए। उनका अनुसार मतदान केन्द्रमा खटिने कर्मचारी नै निर्वाचनको मेरुदण्ड हुन्। त्यसैले कानुनी प्रावधान र कार्यविधिबारे पूर्ण जानकारी गराइएको छ।

यसैबिच, मुख्य निर्वाचन अधिकृतको कार्यालय सल्यानले निर्वाचन तयारी तीव्र पारेको जनाएको छ। मुख्य निर्वाचन अधिकृत प्रल्हादकुमार योगीका अनुसार मतदान केन्द्रको सुरक्षा व्यवस्थापन, आवश्यक निर्वाचन सामग्रीको प्याकेजिङ तथा ढुवानी, कर्मचारी परिचालन र समन्वयका कार्य अन्तिम चरणमा पुगेका छन्।

उनका अनुसार मतदान केन्द्रको संवेदनशीलताका आधारमा सुरक्षा प्रबन्ध मिलाइएको छ। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र म्यादी प्रहरी परिचालन गरी मतदानलाई शान्तिपूर्ण र भयमुक्त बनाइने तयारी गरिएको छ।

आवश्यक मतपत्र, मतपेटिका, सिल, छाप र मतदाता नामावली समयमै सम्बन्धित केन्द्रमा पुऱ्याइने जनाइएको छ। जिल्लामा यसपटक एक लाख ६२ हजार ४४९ मतदाता रहेका छन्। तीमध्ये ८३ हजार ३२१ पुरुष र ७९ हजार १२८ महिला मतदाता रहेका छन्। प्रतिनिधि सभा सदस्य पदका लागि १४ जना उम्मेदवार प्रतिस्पर्धामा छन्।

सल्यानका प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटाले निर्वाचनलाई निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउन सबै निकायबिच समन्वय गरिएको बताए। उनले मतदानका दिन सार्वजनिक बिदा दिइने र मतदातालाई समयमै मतदान केन्द्रमा उपस्थित भई आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गर्न आग्रह गरे।

कर्मचारी अभिमुखीकरण, सुरक्षा तयारी र सामग्री व्यवस्थापनसँगै सल्यानमा निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको सम्बन्धित निकायले जनाएको छ।

चुनाव...

दलले बालबालिकाको प्रयोग नगरेको दाबी गर्दै आगामी दिनमा सचेत रहने प्रतिबद्धता व्यक्त गरे। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का इन्चार्ज केदार कँडेलले निर्वाचन प्रक्रियामा मर्यादा र कानुनको पालना आवश्यक रहेकाले बालबालिकाको प्रयोग रोक्न आन्तरिक अनुगमन संयन्त्र बलियो बनाईएको बताए। जिल्ला प्रशासन कार्यालय सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले प्राप्त ध्यानाकर्षणपत्रलाई गम्भीर रूपमा लिएको जनाउँदै कानुन कार्यान्वयनमा प्रशासन सजग रहने बताए।

प्रदेश निर्वाचन कार्यालय कर्णालीका प्रमुख लालबहादुर गुरुङले पनि आचारसंहिता उल्लंघन भए कारबाही गरिने जानकारी दिए। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन सबै पक्षको सहकार्य आवश्यक रहेको उनको भनाइ छ।

मानव अधिकार रक्षक सञ्जालमा इन्सेक कर्णाली प्रदेश कार्यालय, सिसिआर, आवाज, फेडो, वाम, नेपाल पत्रकार महासंघ, उच्च बार एसोसिएसन, नवज्योति केन्द्र, सोसेक नेपाल, हुरेकलगायतका २८ वटा संस्था आबद्ध छन्।

सञ्जालले आगामी निर्वाचन अवधिभर अनुगमनलाई तीव्र बनाउने योजना बनाएका इन्सेक कर्णाली प्रदेश कार्यालयका संयोजक नारायण सुवेदीले बताए।

शिक्षक-कर्मचारीलाई पनि सुध्रिन निर्देशन

निर्वाचन आयोगले शैक्षिक संस्थामा कार्यरत प्राध्यापक, शिक्षक तथा कर्मचारीलाई सचेत गराएको छ। यसपटक र यसअघिका निर्वाचनमा समेत शैक्षिक संस्थामा कार्यरत प्राध्यापक, शिक्षक तथा कर्मचारीहरुले निर्वाचन आचारसंहिता उल्लंघन गरेको स्मरण गराउँदै उनीहरुलाई सुध्रिन निर्देशन दिइएको छ।

यस पटकको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयमुक्त बनाउन लागू गरिएको निर्वाचन आचारसंहिता उल्लंघन नगर्न आयोगको आग्रह छ।

आयोगले निर्वाचन आचारसंहिता, २०८२ को पूर्ण पालना गर्न सबै सरोकारवालालाई आग्रह गरेको हो। शैक्षिक क्षेत्रका जनशक्तिलाई राजनीतिक दल वा उम्मेदवारको पक्ष-विपक्षमा प्रचारप्रसारमा संलग्न नहुन स्पष्ट निर्देशन दिएको छ।

आयोगका अनुसार केही प्राध्यापक, शिक्षक तथा कर्मचारी राजनीतिक दल तथा उम्मेदवारको प्रचारप्रसारमा संलग्न भएको भन्ने उजुरी तथा गुनासो प्राप्त भएपछि यस्तो चेतावनी जारी गरिएको हो। आयोगले उल्लेख गरेअनुसार शिक्षा ऐन, २०२८ को दफा १६ ङ. (५) को खण्ड (छ) मा शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा पदबाट हटाइने व्यवस्था छ।

त्यस्तै, निर्वाचन आचारसंहिता, २०८२ को दफा १० (क) मा विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोसँग सम्बद्ध प्राध्यापक, शिक्षक र कर्मचारीले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन नपाइने स्पष्ट गरिएको छ आचारसंहिताको दफा १० (ग) बमोजिम शैक्षिक संस्थाको सवारीसाधन, भवन वा अन्य सामग्री राजनीतिक दल वा उम्मेदवारको प्रचारप्रसारका लागि प्रयोग गर्न दिन, सभा-सम्मेलन आयोजना गर्न वा अन्य कुनै किसिमको चुनावी गतिविधि सञ्चालन गर्नसमेत निषेध गरिएको आयोगले जनाएको छ।

आयोगले शैक्षिक संस्थामा कार्यरत जनशक्तिलाई आफ्नो पदको मर्यादा, तटस्थता तथा कानुनी दायित्वलाई मनन् गर्दै आचारसंहिता विपरीत कुनै पनि गतिविधिमा संलग्न नहुन आग्रह गरेको छ।

यदि आचारसंहिता उल्लंघन गरी चुनावी प्रचारप्रसारमा संलग्न भएको पाइएमा निर्वाचन आचारसंहिता, २०८२ को दफा ४८ बमोजिम कारबाही गरिने आयोगले चेतावनी दिएको छ।

यसैबीच, आयोगले जिल्ला आचारसंहिता अनुगमन समिति, निर्वाचन अधिकृत, निर्वाचन आचारसंहिता अनुगमन अधिकृत त था सम्बन्धित निर्वाचन कार्यालयलाई समेत आचारसंहिताको पूर्ण परिपालनाका लागि आवश्यक अनुगमन र निगरानी प्रभावकारी बनाउन अनुरोध गरेको छ।

विद्यार्थी भर्ना अभियान सञ्चालन

काँक्रेबिहार संवाददाता

हुम्ला, १३ फागुन

हिमाली जिल्लाका विद्यालयहरूमा भर्ना अभियान सुरु भएको छ। विद्यालय परिवार र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले सतप्रतिशत बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन यो अभियान सञ्चालन गरिएको हो।

जिल्ला शिक्षा समिति तथा जिल्ला समन्वय समितिका अध्यक्ष शिवराज शर्माले जानकारी दिए। पुस १५ देखि फागुन २ सम्म हिउँदे बिदा सकिएपछि फागुन ३ गतेदेखि सबै तहका विद्यालय खुला भएका थिए। हाल, दुई हप्ते समयावधि राखेर विद्यालयहरूमा भर्ना, वडा, टोल र छिमेकमा ब्यानरसहित च्याली गरेर सबै बालबालिकालाई विद्यालयको पहुँचमा पुऱ्याउने प्रयास भइरहेको छ। नियमित विद्यार्थीका साथै विद्यालय बाहिर रहेका विद्यार्थी खोजी भर्ना गराउने काम पनि यस अभियानको मुख्य अंश हो। सिमकोट गाउँपालिका शिक्षा शाखाका प्रमुख कृष्णप्रसाद आचार्यका अनुसार गाउँपालिकाले विद्यालयसँगको समन्वयमा विद्यालय आफैंले पनि भर्ना अभियान सञ्चालन गरिरहेको छ।

गत वर्ष गाउँपालिकाभर करिब पाँच सय विद्यार्थी विभिन्न विद्यालयमा भर्ना भएका थिए। यस अभियानले विद्यालय बाहिर रहेका विद्यार्थीको संख्या घटाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। बालमन्दिर माविका प्रधानाध्यापक कैलाश रोकायाले विद्यालयले आफ्नै पहलमा भर्ना अभियान जारी राखेको र यसले अन्य विद्यालयमा अध्ययनरत विद्यार्थीलाई पनि आकर्षित गरेको उनले बताए।

सोही कारण बालमन्दिर माविमा जिल्लाभर सबैभन्दा बढी विद्यार्थी अध्ययन गर्ने क्रम बढेको छ। यो भर्ना अभियान केवल बाल मन्दिरमात्र नभएर सिमकोट गाउँपालिकाका सबै सामुदायिक विद्यालय र जिल्लाका अन्य छ वटा-नाम्खा, खार्पुनाथ, सर्केगार्ड, चंखेली, अदानचुली र ताँजाकोट गाउँपालिकाका विद्यालयहरूमा समेत सुरु गरिएको छ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
पडेक्षा, कालिकोट
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
नौमूले, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

पाठेघरको मुखको क्यान्सरका लक्षण

- अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राप हुनु।
- योनिबाट बढि मात्रामा सेतो पानी बग्नु।
- शारीरिक सम्बन्धको समयमा दुखाई हुनु।
- शारीरिक सम्बन्धपछि रगत बग्नु।
- तल्लो पेट, ढाड वा कम्मर दुख्नु।
- पिसाब गर्दा दुख्नु वा रगत देखिनु।
- शरीर कमजोर हुनु।
- यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)